**बुटवल उप महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, बुटवल**
**बैठौलिया कपरकट्टी ताल संचालन/व्यवस्थापन**
**आय ठेक्का सम्बन्धी वोलपत्र आव्हानको सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति २०७७/१२/२३**

बुटवल उप महानगरपालिका वडा नं. १६ स्थित बैठौलिया कपरकट्टी तालसंगै तालमा डुङ्गा संचालन, माछापालन र सार्वजनिक शौचालय संचलन समेत समग्रमा एकीकृत प्याकेजरुपमा ठेक्का बन्दोवस्त गरी ५ बर्षका लागि निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधी भित्र रही उक्त ताल संचालन/ व्यवस्थापनको कार्य गर्न इच्छुक,नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार प्रमाण पत्र नवीकरण भएको) रित पूर्वकको वोलपत्र आव्हान गरी सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) वोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म (मिति २०७८/०१/२१ गते ) कार्यालय समय भित्र वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको र्जलय राजश्व शाखावाट रु ३,०००।- ( तीन हजार ) बुझाई (पछि फिर्ता नहुने) खरिद गर्न सकिनेछ ।

२) वोलपत्र फारमलाई सिलवन्दी गरी वाहिर खाममा आय ठेक्का नं. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले एकतिसौं दिन ( मिति २०७७/०१/२२ गते ) दिनको १२.०० बजेसम्म, वुटवल उप महानगरपालिकामा शिलबन्दी बोलपत्र फाराम दाखिला गर्न सकिनेछ । दर्ता हुन आएका शिलबन्दी वोलपत्र सोही दिन, दिनको २.०० बजे खोलिने छ ।

३) वोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने अन्तिम दिन विदा परे त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) वोलपत्रदाताले वोलपत्र साथ आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३०००००२ मा जम्मा गरेको संक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको वुटवल उप महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानी पत्र (विड वण्ड) पेश गर्नु पर्नेछ ।

५) वोलपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको कम्तीमा ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

६) स्वीकृत बोलपत्र दाताले ठेक्का अंक भुक्तानी गर्दा कुल ५ बर्षको कुल ठेक्का अंक भ्याट सहित रु. ६००००००।- लाई प्रत्येक आ.व.को शुरुमा पहिलो बर्ष ७०००००।-, दोस्रो बर्ष ८०००००।- , तेस्रो बर्ष १२५००००।-, चौथो बर्ष १५५००००।- र पाचौ बर्ष १८०००००।- वुझाउनु पर्नेछ ।स्वीकृत बोलपत्रदाताले बार्षिक किस्ता वापतको रकम किस्तावन्दीमा बुझाउन चाहेमा श्रावण महिना भित्र ५० प्रतिशत र पौष मसान्त भित्र ५० प्रतिशतका दरले किस्ता वुझाउन सक्नेछ । तोकिएको समयमा किस्ता रकम नवुझाएमा किस्ता रकम वरावरको रकम वैंक ग्यारेन्टीवाट असुल गर्न सकिनेछ ।

७) स्वीकृत बोलपत्रदाताले ठेक्का सम्झौता गर्दा पहिलो किस्ता बापतको रकम जम्मा गरी वाकी किस्ता वरावरको रकम क वर्गको वैकवाट बुटवल उपमहानगरपालिकाको नाममा जारी भएको २०८४ श्रावण मसान्त सम्म म्याद भएको वैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८) कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै वखत एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

९) बुटवल उपमहानगरपालिकाको तर्फवाट निर्णय हुने पूर्वाधारहरुको उपयोग संचालन/व्यावस्थापन गर्ने र तालको गुरुयोजना बमोजिमका अन्य पूर्वाधार निर्माण संचालन गर्ने कार्य स्वीकृत वोलपत्रदाताले गर्न सक्नेछ । यसरी बोलपत्रदाताले निर्माण गरेको संरचना ठेक्का समाप्ती पछि वुटवल उपमहानगरपालिकालाई फिर्ता गर्नु पर्नेछ ।

१० वोटिङ्ग, फिसरिङ्ग, सौचालय र अन्य सेवा शुल्कको दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण वोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्राकृतिक स्रोत तथा सम्पत्ति व्यावस्थापन शाखामा सम्पर्क राख्न सकिनेछ ।

१०) उक्त क्षेत्र भित्र बुटवल उपमहानगरपालिकाको अनुमती विना सम्झौतामा उल्लेख बाहेकका अन्य कुनै क्रियाकलाप गर्न पाईने छैन ।

११) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१२) अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४, आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धि नियमावली २०७७ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

तपसिल:

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक अंक (मुल्य अभिवृद्धि कर सहित) | ठेक्का अवधी |
|---|---|---|---|
| १४/०७७/०७८ | बु.उ.न.पा. वडा नं. १६ बैठौलिया कपरकट्टी ताल संचालन/व्यवस्थापन | ६००००००।-(साठी लाख) | आ.व. २०७८/०७९ देखि २०८३/०८४ |

बुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय ,बुटवल